नेपाल सरकार
गृह मन्त्रालय
प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४१२४३२, ०१-४४१२७३७
Ext: ०१-४४११२१०, १०२,११५,११६
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ


पत्र संख्या: (२०७४/२०७५) च.नं. 460

प्रा.प.सं. :

मिति: २०७५।०८।१६ गते।

## प्रेस-विज्ञप्ति।

कान्तिपुर प्रकाशन प्रा.लि. द्वारा प्रकाशित 'नेपाल' साप्ताहिकको २०७५ मंसीर १६ गते आइतबारको अंकमा र सोही मितिमा हिमाल खबर डट कममा श्रीमान् प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालज्यूले धेरै संख्यामा सरकारी सवारी साधन प्रयोग गर्नुभएको भनी प्रकाशित समाचारका सम्बन्धमा प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकको सचिवालयको गम्भीर ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा प्रहरी महानिरीक्षकज्यूको सचिवालय मातहत प्रहरी महानिरीक्षकको निवास, सवारी महाशाखा, विभिन्न Covert Unit हरू तथा छद्म कार्यप्रकृतिका अनुगमन इकाईहरू समेत रहेका र यस्ता कार्यहरू सम्पादन गर्न सरकारी तथा नीजि सवारी साधनहरू प्रयोग हुने गरेको छ। यसका अतिरिक्त सरकारी मापदण्डअनुसार सवारी साधन प्रयोग गर्ने वरिष्ठ प्रहरी अधिकृतहरू पनि सचिवालयमा कार्यरत रहेको व्यहोरा जानकारी गराइन्छ।

साथै, समाचारमा उल्लिखित बा. १ झ ६४३३, बा. १ झ ९२९३, बा. १ झ २७०३, बा. २ झ १०१ र बा. १ झ ८५१८ समेतका सवारी साधनहरू कतिपय प्रयोग हुन नसक्ने अवस्थामा रहेको तथा अन्य जगेडा सवारी पुलमा रहेकोले र यी सवारी साधनहरू नभई प्रहरी महानिरीक्षकज्यूको लागि दुई वटा मात्र सवारी साधनहरू प्रयोग गर्ने गरिएको जानकारी गराउँदै यस्ता भ्रामक एवम् नियोजित समाचारमा कुनै सत्यता नभएको समेत जानकारी गराइन्छ।

प्रहरी वरिष्ठ उपरीक्षक
(उत्तम राज सुवेदी)
केन्द्रीय प्रहरी प्रवक्ता/ सूचना अधिकारी